तिमी मेरो हिरो हौ ।

बालबालिकाले कोभिड-१९
सित कसरी लड्न सक्छन्?



IASC
Inter-Agency Standing Committee

“तिमी मेरो हिरो हौ” का बारे

यो पुस्तक Inter-Agency Standing Committee Reference Group on Mental Health and Psychosocial Support in Emergency Settings (IASC MHPSS RG) द्वारा विकसित पारिएको परियोजना अन्तर्गत पर्दछ । १०४ देशका अभिभावक, हेरचाहकर्ता, शिक्षक र बालबालिका लगायत विश्वव्यापी, क्षेत्रीय तथा देश भित्रका (IASC MHPSS RG) सदस्य एजेन्सीहरूका विज्ञ र अन्यले यस परियोजनालाई सहयोग गरेका छन् । कोभिड-१९ को महामारीको बेला बालबालिकाको मानसिक स्वास्थ्य र मनोसामाजिक आवश्यकताहरूको आँकलन गर्न अरबी, अंग्रेजी, इटालियन, फ्रान्सेली र स्पेनिश भाषाहरूमा एउटा सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको परिणामहरूको आधारमा, कथाको माध्यमबाट, आवश्यक विषयहरूलाई सम्बोधन गर्ने गरी एउटा रूपरेखा तयार पारिएको थियो । कोभिड-१९ बाट प्रभावित धेरै देशहरूमा बालबालिकालाई कथावाचनको माध्यमबाट यो पुस्तक साझा गरिएको थियो । बालबालिका, अभिभावक र हेरचाहकर्ताहरूबाट आएको प्रतिक्रियाहरूलाई समीक्षा गरेर यो कथालाई पूनः अद्यावधिक गरिएको थियो ।

विश्व भरका १७,०० भन्दा बढी बालबालिका, अभिभावकहरू, स्याहारकर्ताहरू र शिक्षकहरूले कोभिड-१९ महामारीको सामना कसरी गरिरहेका छन् भन्ने बारे हामीलाई बताएका थिए । यी सबै बालबालिका, उनीहरूका अभिभावक, हेरचाहकर्ता र शिक्षकहरूलाई हाम्रो सर्वेक्षण पूरा गर्न र यस कथालाई प्रभावकारी पार्नको लागि गर्नुभएको सहयोगका लागि धेरै धन्यवाद ।

IASC MHPSS RG यस कथाको स्क्रिप्ट लेखन र चित्रणको लागि हेलेन पाटकलाई धन्यवाद दिन चाहन्छ ।

© IASC, 2020. यो प्रकाशन Creative Commons Attribution-NonCommercial-ShareAlike 3.0 IGO इजाजतपत्र (CC BY-NC-SA 3.0 IGO; https://creativecommons.org/licenses/by-nc-sa/3.0/igo) अन्तर्गत प्रकाशित गरिएको थियो । यस इजाजतपत्रका शर्तहरू अन्तर्गत, उचित रूपमा उद्धृत गरेर यो पुस्तकलाई पूनः उत्पादन गर्न, अनुवाद गर्न र गैरव्यावसायिक उद्देश्यका लागि परिमार्जित गर्न सकिनेछ ।

परिचय

“तिमी मेरो हिरो हौ”, संसारभरिका कोभिड-१९ महामारीबाट प्रभावित बालबालिकाका लागि लेखिएको पुस्तक हो ।

“तिमी मेरो हिरो हौ" बालबालिकासँगै बसेर वा बालबालिकाको सानो समूहको साथमा बसेर उनीहरूको लागि अभिभावक, हेरचाहकर्ता वा शिक्षकले पढ्नुपर्दछ । बालबालिकालाई यो पुस्तक आमाबुबा, हेरचाहकर्ता वा शिक्षकको साथ र सहयोग बिना एक्लै पढ्न प्रोत्साहित गरिँदैन । “नायकहरूका लागि कार्यहरू” (पछि प्रकाशित हुने) पूरक गाईडले कोभिड-१९ सम्बन्धित विषयहरूलाई सम्बोधन गर्न, बालबालिकाको भावनाहरूलाई व्यवस्थापन गर्न, साथै बालबालिकाको लागि पुस्तकमा आधारित भएर सहयोग गर्ने पूरक गतिविधिहरूको लागि सहयोग प्रदान गर्दछ ।

अनुवाद

सन्दर्भ समूह आफैंले अरबी, चिनियाँ, फ्रान्सेली, रूसी, र स्पेनिश भाषाहरूमा अनुवाद गर्न समन्वय गर्नेछ । मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोगका लागि IASC सन्दर्भ समूहलाई अन्य भाषाहरूमा अनुवाद समन्वयको लागि (MHPSS) (mhpss.refgroup@gmail.com) मा सम्पर्क गर्नुहोस । सबै अनुवादहरू IASC संदर्भ समूहको वेबसाइटमा पोस्ट गरिनेछ ।



यदि तपाईं यो पुस्तकलाई अनुवाद गर्न वा परिमार्जन गर्न चाहनुहुन्छ भने, कृपया निम्न कुराहरूमा ध्यान दिनुहोस् :

- यो पुस्तकमा तपाइँको आफ्नो लोगो (वा दातृ निकायको लोगो) थप्ने अनुमति छैन ।
- परिमार्जित गर्ने क्रममा (जस्तै, शब्द वा चित्रहरूमा परिवर्तन गरे), IASC को लोगो प्रयोग गर्ने अनुमति छैन । यस्तो कुनै पनि कार्यका लागि IASC ले कुनै संगठन, उत्पादनहरू वा सेवाहरूलाई समर्थन गर्दैन ।
- तपाईंले क्रिएटिभ कमन्स वा सो सरहको इजाजतपत्र अन्तर्गत तपाईंको अनुवाद वा परिमर्जित प्रतिको लागि इजाजतपत्र लिनुपर्दछ । CC BY-NC-SA 4.0 Waa 3.0 लाई बिशेष सुझाव गरिन्छ । अनुकुल संगतको इजाजतपत्रहरूको सूची निम्न प्रकार रहेको छ : https://creativecommons.org/share-your-work/licensing-considerations/compatible-licenses
- अनुवादको क्रममा तपाईंले आफ्नै भाषामा निम्न कुराहरू थप्नुपर्दछ: “यो अनुवाद र परिमार्जन अन्तर-एजेन्सी स्थायी समिति (IASC) द्वारा सिर्जना गरिएको होइन । IASC यस अनुवाद सहितको सामाग्री वा सत्यताको लागि जिम्मेवार छैन । मूल अंग्रेजी संस्करण “इन्टर-एजेंसी स्थायी समिति । तिमी मेरो हिरो हौ: बालबालिकाले कोभिड-१९ सित कसरी लड्न सक्छन् !“

  इजाजतपत्र: CC BY-NC-SA 3.0 IGO बाध्यकारी र प्रामाणिक संस्करण हुनेछ ।



साराको लागि उनकी आमा उनकी हिरो हुन्, किनभने उनी विश्वको सर्वश्रेष्ठ आमा र सबै भन्दा राम्रो वैज्ञानिक हुन् । तर, साराको आमाले पनि कोरोना भाइरसको लागि उपचार फेला पार्न सकेकी छैनन् ।

“कोभिड १९ कस्तो देखिन्छ?” साराले आफ्नी आमालाई सोधिन् ।

“कोभिड १९, वा कोरोना भाइरस यति सानो हुन्छ कि हामीले त्यसलाई देख्नै सक्दैनौं । तर यो बिरामी मान्छेको खोकी र हाच्छ्युबाट सर्छ जब उनीहरूले आफ्ना वरिपरिका मान्छेहरू र चिजबिजहरूलाई छुन्छन् । बिरामी मान्छेहरूलाई ज्वरो र खोकी लाग्छ र श्वास फेर्न असजिलो हुन सक्छ,” आमाले भन्नुभयो ।

“हामीले देख्न नसक्ने भएपछि त हामी यो भाइरस सित लड्न पनि सक्दैनौं, है आमा?” साराले सोधिन् ।

“सक्छौं नि । तर, त्यसको लागि पहिला तिमी सुरक्षित रहनु पर्छ सारा । यो भाइरसले धेरै किसिमका मानिसहरूलाई असर गर्छ । सबैले मिलेर यो भाइरससँग लड्न पनि सक्छौं । बालबालिका खास हुन्छन् र उनीहरूले पनि सहयोग गर्न सक्छन् । त्यसैले, सबैको लागि तिमी आफैं सुरक्षित रहनु पर्छ । तिमी मेरो हिरो बन्नु पर्छ ।"



त्यो रात, सुत्ने बेला साराले आफ्नो ओच्छ्यानमा पल्टेर आमाले भन्नुभएको कुराहरूबारे सोचिन् । उनलाई आफू हिरोजस्तो पटक्कै लागेन । उनी दु:खी भइन् । उनलाई स्कुल जान मन थियो तर स्कुल बन्द थियो । उनलाई आफ्ना साथीहरू भेट्न पनि मन थियो तर त्यस्तो गर्न सुरक्षित थिएन । कोरोना भाइरसले संसारलाई तर्साउन छोडोस् भन्ने सारा चाहन्थिन् ।

"हिरोहरूसित त महाशक्तिहरू हुन्छन् । मसँग त के छ र?" साराले आँखा बन्द गरेर सोचिन् ।

अचानक, अँध्यारोमा एउटा मसिनो स्वरले सारालाई बोलायो ।

"को हो?" साराले सुस्तरी सोधिन् ।

"तिमीलाई हिरो बन्न के चाहिन्छ, सारा?" स्वरले सोध्यो ।

"सबैलाई बचाउन पहिला आफैँलाई कसरी बचाउने भन्ने कुरा संसारका सबै बालबालिकालाई बताउने कुनै उपाय खोजिरहेकी छु," साराले भनिन् ।

"मैले तिम्रो लागि के गर्न सक्छु?" त्यो आवाजले सोध्यो ।

मलाई कुनै यस्तो चिज चाहियो जसको सहायताले म उड्न सकुँ । यस्तो चिज जसको ठूलो स्वर होस् र जसले मलाई सहयोग गर्न सकोस् ।"

चन्द्रमाको उज्यालोमा अचानक एउटा आकृति देखा पर्यो ।





"तिमी के हौ?" सारासे छक्क पर्दै सोधिन् ।

"म एरियो हुँ," उसले भन्यो ।

"मैले कहिल्यै पनि एरियो देखेकी थिइनँ," सारासे भनिन् ।

"म त सँधै यहीँ थिएँ नि । म तिम्रै मन भित्रबाट आएको हुँ," एरियोले भन्यो ।

"तिमी मेरो साथमै छौ भने त म संसारका सबै बालबालिकालाई कोरोना भाइरसकोबारेमा बताउन सक्छु । म हिरो बन्न सक्छु । तर एरियो, के यस्तो बेलामा बाहिर जान सुरक्षित होला त?" सारासे सोधिन् ।

"तिमी मसँग सुरक्षित रहने छौ, सारा । तिमी मसँग हुँदा तिमीलाई केही कुरासे पनि असर गर्न सक्दैन," एरियोले भन्यो ।





त्यसपछि, सारा एरियोको ढाडमा बुइ चढिन् र उनीहरू कोठाको भ्यालबाट हुँदै रातिको अँध्यारो आकाशतिर उडे । उनीहरू चन्द्रमालाई नमस्कार गर्दै ताराहरू तिर उड्दै गए ।

घाम उदाएसँगै उनीहरू पीरामिडहरू भएको सुन्दर मरुभूमिमा ओर्लिए । त्यहाँ केही बालबालिका खेल्दै थिए । सारा र एरियोलाई देखेर उनीहरूले खुशीले, कराउँदै, हात हल्लाउन थाले ।

“तिमीहरूलाई स्वागत छ । मेरो नाम सलिम हो । तिमीहरू यहाँ किन आएका हौ? माफ गर है, हामी त एक मिटर टाढै बस्छौं,” उनले भने ।

सारालेभनिन्, “यही कारणले गर्दा हामीहरू यहाँ आएका हौं । मेरो नाम सारा हो र उसको नाम एरियो हो । के तिमीलाई थाहा छ कि बालबालिकाले पनि आफ्ना छिमेकी, साथीहरू, आमाबुबा र हजुरआमा-हजुबुबाहरूलाई कोरोना भाइरसबाट सुरक्षित राख्न सक्छन्? त्यसको लागि हामीले के गर्नुपर्छ भने .....”

“साबुन पानीले हात धुनु पर्छ,” सलिमले मुस्काएर भने । “हामीलाई थाहा छ सारा । हामी बिरामी हुँदा कुहिनोमा मुख छोपेर खोक्छौं र मानिसहरू भेट्दा हात मिलाउनुको सट्टा टाढैबाट हात हल्लाउँछौं । हामी भित्रै बस्ने कोशिस गर्छौं तर हामी भिडभाड भएको सहरमा बस्छौं र यहाँ सबैजना घर भित्र बसेका छैनन्,” सलिमले भने ।

“म केही सहयोग गर्न सक्छु कि? उनीहरूले कोरोना भाइरस त देख्न सक्दैनन् तर उनीहरूले मलाई त देख्न सक्छन् नि । आऊ, मेरो बुइ चढ । तर तिमीहरू दुवैजना एउटा एउटा पखेटामा एक मिटरको दुरीमा बस है,” एरियोले भन्यो ।



सारा र सलीमलाई बोकेर एरियो आकाशमा उड्यो । ऊ शहर वरिपरि उड्दै ठूलो स्वरमा गाउन थाल्यो ।

"जाऊ, आफ्ना परिवारलाई घरभित्रै बस्न सुरक्षित हुन्छ भनेर भन । हामीले घर भित्रै बसेर एक अर्काको ख्याल राख्न सक्छौं," सलिमले कराउँदै बाटोमा भएका बालबालिकालाई भने ।

यो देखेर मानिसहरू छक्क परे । उनीहरू हात हल्लाउँदै घर भित्र जान थाले ।





एरियो अझ माथि उड्न थाल्यो । सलिम खुशी हुँदै कराए । माथि बादलहरूको बीचमा एउटा हवाइजहाज उड्यो । त्यस भित्र भएका यात्रीहरूले उनीहरूलाई अचम्म मानेर हेरे ।

"अब छिट्टै मानिसहरूले केही समयको लागि यात्रा गर्न रोक्नुपर्छ । संसारभरिका देशहरूले आ-आफना सीमाहरू बन्द गर्दै छन् । हामी पनि जहाँ छौं, त्यहीं नै आफ्ना प्रियजनहरू सँगै बस्नुपर्छ," सलिमले भने ।

"कति कुराहरू त फेरिए जस्तो लाग्छ । कहिलेकाहीं त सोच्दा पनि डर लागेर आउँछ," साराले भनिन् ।

"यस्तो बेला डर लाग्नु र अलमल्लमा पर्नु स्वाभाविक नै हो, सारा । मलाई डर लाग्दा म त विस्तारै स्वास फेर्छुं र मुखबाट आगो फ्याँक्छु ।" एरियोले मुखबाट ठूलो आगोको डल्लो फाल्यो ।

"तिमीहरूलाई डर लाग्दा के गर्छौ नि?" एरियोले सोध्यो ।

"मैले त जसलाई सम्झिँदा मलाई सुरक्षित लाग्छ, उसैलाई सम्झिन्छु," साराले भनिन् ।



“मलाई पनि त्यस्तै लाग्छ । मैले मेरो हजुरबुबा र हजुरआमालाई धेरै सम्झिन्छु । मैले उहाँहरूलाई अंगालो हाल्न सक्दिन किनभने त्यसो गर्नाले उहाँहरूलाई कोरोना भाइरस सर्न पनि सक्छ । हामी उहाँहरूलाई हरेक शनिबार-आइतबार भेट्ने गर्थ्यौं । तर, अहिले भेट्न पाएका छैनौं,” सलिमले भने ।

“के तिमीले उहाँहरूसँग फोनमा कुरा गर्न सक्दैनौ?” साराले सोधिन् ।

“सक्छु नि । उहाँहरूले मलाई दिनदिनै फोन गर्नुहुन्छ । मैले उहाँहरूलाई दिनभरि घटेका कुराहरू सुनाउँछु । त्यसो गर्दा हामी सबैलाई राम्रो लाग्छ,” सलिमले भने ।

“एक अर्कालाई भेट्न नपाउँदा आफ्ना नजिकका मान्छेहरूको याद आउनु स्वाभाविक नै हो । हामीले उनीहरूलाई कति माया गर्छौं भन्ने कुरा पनि बुझाउँछ । के तिमीहरू अरु हिरोहरूलाई भेट्न चाहन्छौ?” एरियोले सोध्यो ।

“चाहन्छौं नि!” सारा र सलिमले एकैचोटी भने ।

“ल ठीक छ । मेरो साथी साशासँग एउटा विशेष महाशक्ति छ । ऊ भएको ठाउँमा जाऔं,” एरियोले भन्यो ।





त्यसपछि, उनीहरू तल-तल पृथ्वीतिर उड्दै एउटा सानो गाउँमा पुगे । त्यहाँ, एउटी बालिका आफ्नो घरको बाहिर फूल टिप्दै थिइन् । एरियोको पखेटामा दुई साना बालबालिका बसेको देखेर उनलाई हाँसो लाग्यो ।

"एरियो! हामी कम्तिमा पनि एक मिटरको दुरीमा बस्नुपर्छ । त्यसैले परैबाट मैले तिमीलाई अंगालो हालें है? तिमीहरू यहाँ किन आएका हौ?" उनले सोधिन् ।

"साशा, मैले तिम्रो अंगालो टाढै बाट महसुस गर्न सकें । हामीले हाम्रो शव्द र व्यवहारबाट पनि माया र स्नेह देखाउन सक्छौं भन्ने कुरा मलाई कस्तो राम्रो लाग्छ । मैले मेरा साथीहरूलाई तिम्रो महाशक्तिका बारेमा बताउन यहाँ ल्याएको हुँ," एरियोले भन्यो ।

"मेरो महाशक्ति के हो र?" साशाले सोधिन् ।

"तिम्रो परिवारमा एक जनालाई सञ्चो छैन र तिमी अरुहरूलाई यो रोग नसरोस् भनेर घरमै बसिरहेकी छौ," एरियोले भन्यो ।

"हो, मेरो बुवालाई सन्चो छैन र पुरै सन्चो नहुन्जेल उहाँ आफ्नै कोठाभित्र बसि राख्नु भएको छ ।



तर, यो त्यति नराम्रो कुराचाहिँ होइन । हामी घरमै खेल्छौँ, खाना पकाउँछौँ, बारीमा समय बिताउँछौँ अनि सँगै खान्छौँ । म र मेरा भाइहरू सँगसँगै नाच्छौँ, किताबहरू पढ्छौँ र नयाँ नयाँ कुराहरू सिक्छौँ । मलाई स्कुलको धेरै सम्झना आउँछ । शुरु शुरुमा हामीलाई घरमै बसिराख्न अलि गाह्रो लागेको थियो तर अहिले त सामान्य लाग्छ," साशाले भनिन् ।

"तर, सँधै यसरी बस्न सजिलो त पक्कै छैन नि । तिमीले घरै बसेर आफ्नो परिवारसँग रमाइलो गर्न विभिन्न उपायहरू खोजेकी छौ । त्यसैले, तिमी मेरो लागि हिरो हौ," एरियोले भन्यो ।

"तिमी आफ्नो परिवारसँग झगडा गर्दैनौ?" सलिमले सोधे ।

"कहिलेकाहीँ त गर्छुं नि । तर, यस्तो बेलामा हामीले बढी संयम राख्नुपर्छ र बुझकी हुनुपर्छ । आफूले गरेको गल्तीको लागि माफी पनि तुरुन्तै माग्नुपर्छ । त्यो नै साँच्चैको शक्ति हो । त्यस्तो गर्दा आफूलाई र अरुलाई धेरै राम्रो महसुस गराउँछ । मलाई आफ्नो लागि पनि केही समय चाहिन्छ । मलाई नाच्न र गाउन असाध्यै मनपर्छ । कहिलेकाहीँ म आफ्नो साथीहरूसित फोनमा कुरा गर्छु," साशाले भनिन् ।

"तर एरियो, घर नै नहुने र घरबाट टाढा भएका मान्छेहरूले चाहिँ के गर्छन् होला, भन त?" सारासे सोधिन् ।

"यो एकदमै राम्रो प्रश्न हो, सारा । जाऔँ, उनीहरू के गर्दा रहेछन् भनेर बुझौं," एरियोले भन्यो ।





उनीहरू साशासँग बिदा मागेर त्यहाँबाट उडे । उनीहरू समुन्द्रले घेरिएको एउटा टापुमा पुग्दा हावा न्यानो थियो ।



उनीहरूले त्यहाँ धेरै मान्छेहरू भएको एउटा क्याम्प देखे ।

एउटी बालिकाले उनीहरूलाई टाढैबाट देखेर हात हल्लाइन् ।

“एरियो! तिमीलाई फेरि देखेर कस्तो खुशी लाग्यो । हामी एक मिटरको दुरीमा बस्ने कोशिस गरिरहेका छौं । त्यसैले, म तिमीसँग यहींबाट कुरा गर्छु, है? तर, म तिम्रो साथीहरूलाई भेट्न असाध्यै उत्सुक छु । नमस्ते । मेरो नाम लैला हो,” ती बालिकाले भनिन् ।

“नमस्ते लैला । मेरो नाम सारा हो र उसको नाम सलिम हो । तिमीले आफूलाई कोरोना भाइरसबाट जोगाउन खोजिराखेकी रहेछौ । अरु के के गर्दैछौ?” साराले सोधिन् ।

“हामी त साबुन पानीले हात धुन्छौं,” लैलाले भनिन् ।

“के तिमीले आफ्नो कुहिनाले मुख छोपेर खोक्ने गरेकी छौ?” सलिमले सोधे ।

“खै कसरी गर्ने देखाउ त?” लैलाले सोधिन् र सलिमले देखाए ।

“हामी सबै साहसी बन्न खोजिरहेका छौं तर एउटा कुराले मलाई असाध्यै चिन्तित पारेको छ । के त्यो कुरा तिमीहरूलाई सोध्दा हुन्छ? मैले सुनेको एकजना व्यक्ति विरामी भएर मरेका रहेछन् । मानिसहरू कोरोना भाइरसले मर्न पनि सक्छन् भन्ने कुरा के साँचो हो?” लैलाले सोधिन् ।



एरियो थचक्क बस्यो र लामो स्वास फेंयो ।

“हो, साना हिरोहरू, यो कुरा अनौठो छ । केही मानिसहरू विरामी पर्दैनन् र केही मानिसहरू असाध्यै विरामी हुन्छन् । केही त मर्छन् पनि । त्यसकारण, हामीले बुढाबुढी र अरु रोग लागेका बिरामी मान्छेहरूको बढी ख्याल राख्नुपर्छ किनभने उनीहरू छिटै बिरामी पर्न सक्छन् । कहिलेकाहिँ, हामीलाई असाध्यै डर लाग्यो भने, हामीहरूले आँखा चिम्लेर एउटा सुरक्षित ठाउँको बारेमा कल्पना गर्न सक्छौं । के मसँग यो कुराको अभ्यास गर्छौं त?” एरियोले सोध्यो ।

उनीहरू सबैले हुन्छ भने र एरियोले सबैलाई आँखा चिम्लिन लगाएर एउटा सुरक्षित ठाउँको कल्पना गर्न भन्यो ।

“तिमीहरूले आफूलाई एकदमै सुरक्षित लागेको समय वा ठाउँ बारे कल्पना गर,” एरियोले भन्यो ।

त्यसपछि उसले उनीहरूलाई “के देखिरहेका छौ, कस्तो लागिरहेको छ अनि त्यो ठाउँबाट कस्तो बासना आइरहेको छ?” भनेर सोध्यो । त्यसपछि उसले उनीहरूलाई “त्यो सुरक्षित ठाउँमा अरु कसलाई निम्त्याउन चाहन्छौ र त्यो मान्छेसँग के कुरा गर्न चाहन्छौ?” भनेर पनि सोध्यो ।

“तिमीलाई कुनै पनि बेला डर लाग्दा त्यो ठाउँबारे कल्पना गर्न सक्छौ । त्यो नै तिमीहरूको महाशक्ति हो र यो कुराबारे आफ्ना साथीभाइ र परिवारलाई पनि भन है । म तिमीहरूको ख्याल राख्छु र अरुहरूले पनि तिमीहरूको ख्याल राख्नेछन् भन्ने कुरा सधैँ सम्झि राख । यो कुराले पनि तिमीहरूलाई डर नलाग्न धेरै मद्दत गर्नेछ,” एरियोले भन्यो ।



“हामी सबैले एक अर्काको ख्याल राख्न सक्छौं,” लैलाले भनिन् ।

“ठिक हो लैला । हामी सबैले एक अर्काको ख्याल राख्न सक्छौं,” एरियोले भन्यो । “के तिमी हामी सित हाम्रो यात्राको अन्तिम चरणमा आउन चाहन्छौ लैला?”

लैला आफ्ना नयाँ साथीहरूसँग जान राजी भइन् । लैला पनि सँगै जाने कुराले सारा धेरै खुशी भइन् । उनलाई थाहा थियो कि हामीले एक अर्कालाई सहयोग गर्नुपर्छ । उनीहरू केही नबोली त्यहाँबाट उडे । लैलालाई थाहा थियो कि उनको नयाँ साथीहरूले उनको ख्याल राख्नेछन् भनेर ।



बिस्तारै, हिउँले ढाकिएका हिमालहरू देखिन लागे र एरियो एउटा सानो शहरमा ओर्लियो । केही बालबालिका खोलाको नजिकै खेलिरहेका थिए ।

“एरियो!” एक जनाले हात हल्लाउँदै कराए ।

“नमस्ते किम! साथीहरू, तिमीहरू सबैलाई म कोरोना भाइरस लागेर निको भएका मेरा केही साथीहरू भेटाउन चाहन्थें,” एरियोले भन्यो ।

“बिरामी हुँदा कस्तो लागेको थियो?” सलिमले सोधे ।

“म धेरै खोक्थें र कहिलेकाहीँ मलाई धेरै गर्मी लाग्थ्यो । मलाई धेरै थकाइ पनि लाग्थ्यो र केही दिन मलाई खेल्न मन पनि लागेन । म त सुतिरहन्थें । मेरो परिवारले मेरो हेरचाह गर्थे । यहाँका हाम्रा केही अभिभावक, हजुरबुबा र हजुरआमालाई अस्पताल नै जानु परेको थियो । अस्पतालमा डाक्टर र नर्सहरू निकै राम्रो हुनुहुन्थ्यो र हामीलाई हाम्रो समुदायका मानिसहरूले पनि धेरै सहयोग गर्नुभयो । केही हप्ता पछि हामी सञ्चो भयौं ।”



“म किमको साथी हुँ । किमलाई कोरोना भाइरस लागेको थियो भन्दैमा हामी एक अर्काका साथी हुन छोडेनौँ । हामीले एक अर्कालाई भेट्न नपाए पनि एक अर्कालाई ख्याल गर्न छोडेनौँ । अहिले फेरि सँगै खेल्न पाएकोमा हामीहरू धेरै खुशी छौँ,” किमको एउटा साथीले भने ।

“कहिलेकाहीँ हामीले आफ्नो साथीको सुरक्षा गर्नुं नै सबैभन्दा जरुरी कुरा हुन्छ । त्यसको लागि एक अर्कासँग टाढा आफ्नै घरमा बसेर पनि गर्न सकिन्छ,” एरियोले भन्यो ।



“हो, हामीले एक अर्कालाई यसरी पनि धेरै सहयोग गर्न सक्छौँ,” लैलाले भनिन् ।

“अनि एक दिन, हामी फेरि सँगै खेल्न सक्छौँ र सँगै स्कुल पनि जान सक्छौं,” सलिमले भने ।

अब, सारा र उनका साथीहरूले विदा मागेर घर जानो बेला भयो । उनीहरूले एक अर्का सित गरेको यो यात्रा बारे सँधै सम्झिराख्ने कसम खाए । फेरि भेट नहोला भनेर सारा अलिकति दु:खी भइन् । तर, किमको साथीले भनेका कुराहरू सम्झेर उनलाई राम्रो पनि लाग्यो । कसैलाई नभेट्दैमा त्यो मान्छेलाई माया गर्न छोड्नु हुँदैन ।



एरियोले सबैलाई आ-आफ्नो घरमा पुर्याइदियो र सारा ननिदाँउजेल कोठामै बसिराख्यो ।

“भोलि पनि यस्तै गर्न सक्छौं?” साराले एरियो लाई सोधिन् ।

“होइन सारा । अब तिमीले आफ्नो परिवारसित समय बिताउनु पर्दछ । हाम्रो यो यात्राको कथा सम्झिराख । आफ्नो हात धोएर र घरमै बसेर तिमीले आफूले माया गर्नेहरूलाई बचाउन सक्छौ । म कहिल्यै टाढा हुँदिन । तिमी आफ्नो सुरक्षित ठाउँमा जाँदा मलाई त्यहीं पाउनेछौ,” एरियोले भन्यो ।

“तिमी मेरो हिरो हौ । साराले सुस्तरी भनिन् ।

“र तिमी मेरो हिरो हौ सारा । तिमीले माया गर्ने जति सबैको लागि तिमी हिरो हौ,” एरियोले भन्यो ।



भोलिपल्ट, सारा उठ्दा एरियो त्यहाँबाट गैसकेको थियो । साराले आफ्नो सुरक्षित ठाउँमा गएर एरियोसित एकछिन गफ गरिन् । त्यसपछि, गएको राति देखेका र सिकेका सबै कुरा चित्रमा कोरेर उतारिन् । त्यसपछि, आफ्नो चित्र देखाउन र आफ्ना कुराहरू सुनाउन सारा दौडेर आफ्नी आमा कहाँ गइन् ।

"आमा! हामीहरूले मानिसहरूलाई सुरक्षित रहन सहयोग गर्न सक्छौं । मैले आफ्नो यात्रामा कति धेरै हिरोहरूलाई भेटें," उनले भनिन् ।

"अहो! तिमीले ठीक भन्यौ सारा । कोरोना भाइरसबाट सुरक्षित राख्ने धेरै हिरोहरू छन् । जस्तैः डाक्टर र नर्सहरू । तर, तिमीले मलाई हामी सबै सँधै हिरो हुन सक्छौं भनेर सम्झायौ । तिमी नै मेरो सबैभन्दा ठूलो हिरो हौ," आमाले भन्नु भयो ।



